# भाग ५

## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको
## सूचना

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९को अनुसूची-२ को भाग-२ को द्रष्टव्य खण्डको बुँदा नम्बर १४ ले दिएको अधिकार प्रयोग गरी देहायको प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयमा दर्ता हुने तथा दर्ता कायम रहेका देहायका सवारी साधनमा देहायको मिति देखि ईम्बोस्ड नम्बर प्लेट सम्बन्धी व्यवस्था लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| इम्बोस्ड सवारी नम्बर प्लेट लागू हुने प्रदेश | सवारी साधनका प्रकार | लागू हुने प्रयोजन | इम्बोस्ड नम्बर प्लेट सम्बन्धी व्यवस्था लागू हुने मिति |
|---|---|---|---|
| कोशी प्रदेश र मधेश प्रदेश | सार्वजनिक सवारी, पर्यटक सवारी, निजी सवारी, सरकारी सवारी र संस्थानका सवारी | नयाँ सवारी दर्ता/ सवारी नामसारी | संवत् २०८०साल फागुन १ गते देखि |
| | | सवारी दर्ता प्रमाणपत्र नवीकरण | संवत् २०८१ साल जेठ१ गते देखि |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**<u>द्रष्टव्यः</u>** उल्लिखित मिति अगावै कुनै सवारी धनीले रीत पूर्वक निवेदन दिई, निर्धारित दस्तुर बुझाएमा माथि उल्लिखित मिति अगावै सम्बन्धित यातायात व्यवस्था कार्यालयले त्यस्तो सवारीमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न सक्नेछ।

**आज्ञाले,**
**केशव कुमार शर्मा**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।